प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कोशी प्रदेश कार्यालय

ईटहरी, सुनसरी

## शैक्षिक सत्र २०८३।०८४ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ भर्ना प्रकृयाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धि अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मितिः २०८३।०१।२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८३/०८४ का लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्न सम्बन्धन/स्वीकृति पाई परिषद्का आंगिक, साझेदार, टेक्स र निजी स्तरमा सञ्चालित शिक्षालयहरुमा **"प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा सम्वन्धी विनियमावली, २०८३"** को विनियम ३, ४ र ५ बमोजिम पूर्ण शुल्कीय तर्फका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुले मिति २०८३।०१।२९ गते देखि परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रितपूर्वक Online आवेदन फाराम भर्न भराउनुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### अनलाईन आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी व्यवस्थाः-

(१) आवेदन फाराम शुल्कः १,०००। (रु. एक हजार मात्र)

कुनै पनि शिक्षालयले तोकिएको शुल्क भन्दा बढी शुल्क लिन पाउने छैन। यदि लिएको प्रमाणित भएमा
प्रति परीक्षार्थी रु.१०,०००।- (दस हजार मात्र) का दरले सम्बन्धित आवेदकलाई हर्जाना तिर्नुपर्नेछ। हर्जना बापतको रकम नतिरेमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) अनलाइन फाराम खुल्ने मितिः **२०८३ बैशाख २९ गते मंगलवार देखि।**

(३) अनलाइन फाराम बन्द हुनेमितिः **२०८३ जेठ १३ गते बुधवार राती ११:५९ बजेसम्म।**

(४) अनलाइन फाराम सम्वन्धमा: अनलाइन आवेदन फाराम www.ctevt.exam.org मा उपलव्ध गराइएको ITMS Online मा भरी Submit गर्नुपर्नेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८३/०८४ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ भर्ना प्रक्रियाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८३।०१।२८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८३/०८४ का लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्न सम्बन्धन/स्वीकृति पाई परिषद्का आंगिक, साझेदार, टेक्स र निजी स्तरमा सञ्चालित शिक्षालयहरुमा "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा सम्वन्धी विनियमावली, २०८३" को विनियम ३, ४ र ५ बमोजिम पूर्ण शुल्कीय तर्फका देहायका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुले **मिति २०८३।०१।२९ गते** देखि परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रितपूर्वक Online आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुमा एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यतामा प्राप्त गरेको अंक र उत्तीर्ण गरेको बिद्यालयको किसिमको आधारमा प्राप्त हुने अंकको योगफल बमोजिम कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट, योग्यताक्रम निर्धारण गरी भर्ना गर्नु हुन अनुरोध छ ।

## १. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

**(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका परीक्षाको हकमा:**

| क्र.सं | शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी.उत्तीर्ण भई परिषद्बाट सम्वन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरु | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको परीक्षाको हकमा.**

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य कार्यक्रमहरु | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई.परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम २.० जी.पी.ए.अथवा सो सरह वा परिषद्वाट सञ्चालन हुने कार्यक्रम संग सम्वन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरु | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम १.६ जी.पी.ए.अथवा सो सरह वा परिषद्वाट सञ्चालन हुने कार्यक्रम संग सम्वन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

## २. पूर्ण शुल्कीय खुला कोटा:

(क) छात्रबृत्ति बाहेकका रिक्त सिट यस कोटा अन्तर्गत पर्नेछन् ।

(ख) लक्षित बर्ग बाहेक निर्धारण गरिएको पूर्ण शुल्कीय कोटाहरुमा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच मात्र प्रतिष्पर्धा गराई छनौट गरिनेछ । यस कोटामा शिक्षालयले छुट्टै प्रायोजित कोटा निर्धारण गर्न पाउने छैन ।

(ग) परिषद्का आंगिक तथा साझेदारीमा संचालित शिक्षालयहरुले यो सूचना प्रकाशित भएपछि कोटाको शीर्षक परिवर्तन गर्न पाइने छैन ।

(घ) शैक्षिक शत्र २०८३/०८४ का लागि डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको कुनै एक शिक्षण संस्थाको एक कार्यक्रममा मात्र Online आवेदन फाराम भर्न पाइनेछ ।

## ३. पूर्ण शुल्कीय लक्षित बर्ग कोटा:

**पूर्ण शुल्कीय लक्षित वर्ग कोटा**: प्रवेश योग्यता भएका अपाङ्ग, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी, जेन जी आन्दोलन/ जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार/घाइते वा निजको सन्तती यस वर्गका लक्षित समूह मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा प्रत्येक शैक्षिक कार्यक्रममा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० भन्दा माथि स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|---|
| २ जना | ३ जना | ४ जना | ५ जना |

## ४. पूर्ण शुल्किय प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी) कोटा:

परिषद्का प्रत्येक आंगिक, सामुदायिक, साझेदारी र निजी स्तरमा संचालित शिक्षालयको शैक्षिक कार्यक्रममा परिषद्द्वारा संचालित सम्वन्धित प्रि-डिप्लोमा (प्राविधिक एस. एल. सी) उत्तीर्ण परीक्षार्थीहरुका लागि १० प्रतिशत कोटा निर्धारण गरिएको छ ।

## ५. परिषद् कर्मचारी वा परिवार आरक्षण कोटा:

परिषद्का आंगिक र साझेदारी शिक्षालयका प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी तथा निजको आश्रित परिवारलाई कोटा निर्धारण गरिने छ ।

## ६. पुरुष नर्सिङ्ग कोटा:

प्रमाणपत्र तह नर्सिङ कार्यक्रम अध्ययन गर्न चाहने पुरुष उम्मेद्वारहरुलाई स्वीकृत कोटाको १५ प्रतिशत पुरुष नर्सिङ्ग कोटा (पूर्ण शुल्कीय) छुट्याइएको छ ।

**७. जेहेन्दार छात्रवृत्ति**

प्रत्येक शिक्षालयका कार्यक्रममा परीक्षार्थी भर्नाका लागि अनलाइन आवेदन फाराम भरेका पूर्ण शुल्किय लक्षित वर्ग कोटा र पूर्ण शुल्किय कोटाहरु मध्येबाट छनौट भई भर्ना भएका परीक्षार्थीहरु मध्ये उच्चतम अंक प्राप्त गर्ने एक जनालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । यसरी प्रदान गरीने छात्रवृत्ति पहिलो वर्षका लागि मात्र लागु हुनेछ । दोस्रो वर्षका लागि अघिल्लो बर्षका परीक्षामा उत्तीर्ण भएका मध्ये उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई प्रदान गरीनेछ ।

**८. वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति**

वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको लागि सम्बन्धन स्वीकृत पाएका कार्यक्रमहरुमा १०% (जेहेन्दार छात्रवृत्ति सहित) सिटहरु छुट्याइएको छ । यसको लागि सरकारी वा सामुदायिक तथा परिषद्का आंगिक शिक्षालयहरुबाट अध्ययन गरेका परीक्षार्थीहरुले छुट्टै Online Application Form भर्नुपर्नेछ । यस सम्बन्धी छुट्टै सूचना प्रकाशित गरिनेछ र प्रशिक्षार्थी छनौट तथा भर्ना सिफारिश सम्बन्धित परिषद् प्रदेश कार्यालयबाट गरिनेछ ।

**९. विशेष छात्रवृत्ति**

प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (विपन्न, दलित, मुस्लिम, सिमान्तकृत र प्राविधिक शिक्षाको पहुंच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने विपन्न समुदायका विद्यार्थीहरुका लागि) परिषद्का आंगिक शिक्षालयहरुमा मात्र १०% कोटा छुट्याइएको छ । यस सम्बन्धी छुट्टै सूचना प्रकाशित गरिनेछ र प्रशिक्षार्थी छनौट तथा भर्ना सिफारिश परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ । विशेष छात्रवृत्तिको सूचना नेपाल सरकारको बजेट सार्वजनिक भएपछि २०८३ जेष्ठ १५ गते पश्चात प्रकाशित गरिनेछ ।

**१०. अनलाइन आवेदन गर्दा संलग्न गर्नुपर्ने कागजातहरु**

अनलाईन आवेदन फाराम आवेदक स्वयंले वा सम्बन्धित शिक्षण संस्थाले भर्न/भराउन सक्नेछ । अनलाईन आवेदन फाराम भर्दा उम्मेद्वारले पूर्ण शुल्कीय (खुल्ला, लक्षित) कोटामा तल उल्लेख भए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरी अनलाइन अपलोड गर्नु पर्नेछ । तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वत: रद्द हुनेछ । कागजातहरु Upload गर्दा सक्कल कागजातबाट स्क्यान गरी Upload गर्नुपर्नेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा अनिवार्य पेश गर्नु पर्नेछ ।

(क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को फोटो ।

(ख) एस.एल.सी. वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा)वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको सक्कलबाट स्क्यान गरीएको प्रति ।

(ग) जन्म दर्ता/नेपाली नागरिकता प्रमाणपत्र सक्कलबाट स्क्यान गरिएको प्रति ।

(घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(ङ) विदेशी नागरिकको हकमा सम्बन्धित देशको नागरिक खुल्ने कागजात वा नेपाल स्थित सम्बन्धित देशको राजदुतावासबाट जारी गरिएको कागजातको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(च) नेपालमा बसोबास गर्दै आएका शरणार्थी छात्रछात्राको हकमा नेपाल सरकार वा तोकिएका निकायहरूबाट प्रदान गरिएको शरणार्थी पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(छ) आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको सक्कलबाट स्क्यान गरिएको प्रति समेत संलग्न गर्नुपर्नेछ ।

**११. छनौट प्रकृया सम्बन्धी व्यवस्था :**

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अंक र सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई वा एस. एल.सी. उत्तीर्णलाई थप अंकभार वापत १, संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार वापत ०.८५ र विदेशको विद्यालयवाट उत्तीर्ण गरेको हकमा ० अंक जोडि आवेदकहरुको योग्यताक्रम सूची निर्धारण गर्नुपर्नेछ । अक्षराङ्क पद्दति लागु हुनु भन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्तांकलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गर्नुपर्नेछ ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अंक | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी./एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई.परीक्षाको क्रमश: अनिवार्य गणित, विज्ञान र अंग्रेजीको Final Grade को आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

(२) यसो गर्दा अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ । सो गर्दा पनि बराबर भएमा जन्म मितिको आधारमा बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(३) अनलाइन आवेदन फाराम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अंग्रेजीको Grade Point Entry गर्नु पर्नेछ साथै अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा एस.एल.सीका सबै विषयको प्राप्तांक Online Entry गर्नु पर्नेछ ।

(४) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point\ \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) पूर्ण शुल्कीय तर्फको प्रवेश प्रक्रिया, भर्ना व्यवस्थापन तथा रजिष्ट्रेशन सम्वन्धमा नियमित, व्यवस्थित एवं मर्यादित रुपमा कार्य सञ्चालन तथा व्यवस्थापन गर्न योग्यताक्रम सहितको नतिजा प्रकाशन (मुख्य सूची र उत्तीर्ण सुचीको योग्यताक्रम निर्धारण) गरी भर्ना तथा रजिष्ट्रेशन प्रविष्टि (Registration Entry) सम्वन्धी कार्य गर्नका लागि शिक्षालयमा देहाय बमोजिमको कार्यटोली रहनेछ ।

(क) शिक्षालय प्रमुख - अध्यक्ष

(ख) शिक्षालयमा कम्प्यूटर/परीक्षा सम्वन्धी कार्य गर्ने कर्मचारी - सदस्य

(ग) शिक्षालयको उप-प्रमुख (उप प्रमुख नभएको अवस्थामा शिक्षालय प्रमुखले तोकेको व्यक्ति) - सदस्य सचिव

नोट: प्रमाण पत्र तह नर्सिङ्ग कार्यक्रमको हकमा कार्यटोलीमा सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने अधिकृतस्तर र जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि थप सदस्य रहनेछ । यस कार्यटोलीमा विद्यार्थी संख्या धेरै भएमा बढीमा तीनजना सम्म कर्मचारी थप गरी कार्य गर्न सकिने छ ।

(६) प्रवेश प्रक्रिया, भर्ना सम्बन्धी कार्यटोलीको काम र कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) प्रवेश प्रक्रिया वा छनौट प्रक्रियालाई नियमित, व्यवस्थित, पारदर्शी तथा मर्यादित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्रवेश प्रक्रियामा सहभागी परीक्षार्थीहरूको योग्यता, प्रवेश योग्यता, प्रमाणपत्र तथा आवश्यक कागजातको जाँच तथा प्रमाणीकरण गर्ने,

(ग) कुनै कागजात नपुग वा अस्पष्ट भएको खण्डमा आवेदकलाई तत्काल कैफियत सहित कागजात पुन अपलोड गर्न समय दिनुपर्ने छ,

(घ) कुनै आवेदकको फाराम अस्वीकृत गरेमा सो को कारण अनिवार्य खुलाउनु पर्नेछ,

(ङ) रुजु गर्ने कार्य सम्पन्न भए पछि निर्णय पुस्तिकामा जम्मा आवेदन संख्या, स्वीकृत आवेदन संख्या (Revert सहित) र अस्वीकृत संख्या (Revert सहित) को प्रतिवेदन तयार गरी कार्यटोलीले प्रमाणित गरी राख्नुपर्ने छ,

(च) प्रवेश प्रक्रिया सम्पन्न भएपछि परीक्षा समितिले तोकेको मापदण्डअनुसार योग्यताक्रम सहितको मुख्य सूची तथा उत्तीर्ण (वैकल्पिक) सूची तयार गरी प्रकाशन गर्ने,

(छ) शिक्षालयले योग्यताक्रमका आधारमा सफल परीक्षार्थीहरूको भर्ना प्रक्रिया सञ्चालन गर्ने र परीक्षा नियन्त्रण कार्यालयले तोकेको प्रणाली अनुसार प्रशिक्षार्थी रजिस्ट्रेसन प्रविष्टि गर्ने लगायतका कार्यहरु परीक्षा नियन्त्रण कार्यालयको सूचना र परीक्षा सम्वन्धी विनियमावली, २०८३ बमोजिम तोकिएको समयमा गर्ने गराउने र भर्ना प्रक्रिया सम्वन्धी सम्पुर्ण अभिलेख र कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(ज) सरोकारवालाहरुवाट प्रशिक्षार्थी भर्नाका लागि छनौट तथा सिफारिश सम्वन्धमा कुनै जानकारी, दावी, विरोध, उजुरी वा नेपाल सरकारका न्यायिक वा अर्द्धन्यायिक निकायहरुवाट सोधपुछ वा छानविनका लागि लेखी आएमा छानविन गरी अन्तिम टुङ्गो लगाई सम्वन्धित निकायमा जवाफ पठाउनु पर्नेछ ।

(७) शिक्षालयले योग्यताक्रम सहितको नतिजा प्रकाशनमा वद्नियत गरेको वा भर्ना गरेको प्रमाणित भएमा जति जना प्रशिक्षार्थीलाई बद्नियत रुपमा भर्ना गरेको छ सोही संख्यामा आगामी शैक्षिक सत्रमा छात्रवृत्ति कोटा वृद्धि गरिनेछ साथै सम्बन्धित शिक्षालयलाई कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ । परिषद्का आङ्गिक शिक्षालयको हकमा शिक्षालय प्रमुखलाई विभागीय कारवाहीको लागि परिषद् केन्द्रीय कार्यालयमा लेखि पठाइने छ ।

**११. Online आवेदन फाराम रुजु सम्वन्धमा :**

(क) पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुमा अनलाईन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरु परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा अनलाइन आवेदन फाराम रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयमा गठन गरिएको कार्यटोलीको हुनेछ । अनलाइन फाराम भर्न शुरु भएको मिति देखि नै सम्वन्धित शिक्षालयले आफ्नो ITMS को User Log on गरी आवेदकहरुको आवेदन फाराम अनिवार्य रुपमा रुजु गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित शिक्षालयले परिषद्, प्रदेश कार्यालयको IT शाखालाई र प्रदेश कार्यालयको IT शाखाले प.नि.का.मा रहेको ITMS शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ ।

(ख) अनलाइन इन्ट्री गरेका आवेदकहरुको कार्यक्रम अनुसार शिक्षालयबाट रुजु गर्दा तोके बमोजिमको योग्यता र कागजातहरु हेरी Accept र Reject गर्नुपर्नेछ । आवश्यक कागजात संलग्न नभएको खण्डमा रुजु गर्नेले सम्वन्धित आवेदकलाई आवश्यक विवरण र कागजात पून: प्रविष्टि र Upload गर्न revert गर्नुपर्नेछ । सम्वन्धित आवेदकले कागजात संलग्न गरी पून: पठाएमा Approve गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको IT शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ । रुजु गरी Accept भए पश्चात Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरुलाई मात्र योग्यताक्रम तथा नतिजा सूचीमा समावेश गरिनेछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | Diploma in Electrical & Electronics Engineering<br>Diploma in Electrical Engineering<br>Diploma in Electronics Engineering<br>Diploma in Information Technology<br>Diploma in Mechanical Engineering | 24<br>48<br>24<br>48<br>48 |
| 11. | Shailaja Acharya Memorial Polytechnic, Siswani | Morang | Diploma in Agriculture (Animal Science)<br>Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering<br>Nursing | 40<br>40<br>48<br>40 |
| 12. | Thulung Dudhkoshi Technical School | Solukhumbu | Diploma in Civil Engineering | 48 |
| 13. | Dinesh Chaudhary Memorial Foundation, Duhabi | Sunsari | Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering | 40<br>48 |
| 14. | Nara Bahadur Karmacharya Polytechnic Institute, Itahari | Sunsari | Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering<br>Diploma in Hotel Management<br>Pharmacy | 40<br>48<br>40<br>40 |

**कोशी प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका टेक्स शिक्षालयहरु :**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | जिल्ला | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| 1. | Jalapa Devi Secondary School, Pakhribas-4 | Dhankuta | Diploma in Civil Engineering | 48 |
| 2. | Janata Secondary School, Chulachuli | Ilam | Diploma in Civil Engineering | 48 |
| 3. | Mahendra Ratna Secondary School, Samayagadh | Jhapa | Diploma in Civil Engineering | 48 |
| 4. | Mohanmaya Secondary School, Birtamod | Jhapa | Diploma in Civil Engineering | 48 |
| 5. | Saraswati Secondary School, Kamal-7 | Jhapa | Diploma in Agriculture (Plant Science) | 40 |
| 6. | Sakela Secondary School, Ratnachha | Khotang | Diploma in Agriculture (Plant Science) | 40 |
| 7. | Saraswati Secondary School, Majhuwagadhi | Khotang | Diploma in Agriculture (Plant Science) | 40 |
| 8. | Adarsha Secondary School, Biratnagar | Morang | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering | 48<br>48 |
| 9. | Public Secondary School, Rangeli | Morang | Diploma in Civil Engineering | 48 |
| 10. | Sajeelal Secondary School, Sundarharaincha-6, Dulari | Morang | Diploma in Civil Engineering | 48 |
| 11. | Chautara Secondary School, Dandakharka | Okhaldhunga | Diploma in Computer Engineering | 48 |
| 12. | Rumjatar Secondary School | Okhaldhunga | Diploma in Agriculture (Animal Science)<br>Diploma in Agriculture (Plant Science) | 40<br>40 |
| 13. | Sagarmatha Janata Secondary School | Okhaldhunga | Diploma in Civil Engineering | 48 |
| 14. | Jay Narayan Adarsha Secondary School, Mehelbote | Panchthar | Diploma in Civil Engineering | 48 |
| 15. | Mahendra Secondary School | Sankhuwasabha | Diploma in Agriculture (Plant Science) | 40 |
| 16. | Janata Secondary School, Thulung | Solukhumbu | Diploma in Agriculture (Plant Science) | 40 |
| 17. | Rastriya Secondary School, Hasaposa | Sunsari | Diploma in Civil Engineering | 48 |

| | | | | |
|---|---|---|---|---|
| 18. | Balsubodhini Secondary School, Phungling | Taplejung | Diploma in Civil Engineering (Specialized in Hydropower) | 48 |
| 19. | Sinam Secondary School, Sirijangha | Taplejung | Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering | 40<br>48 |
| 20. | Shree Secondary School, Amsal | Udayapur | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering | 48<br>48 |
| 21. | Shree Secondary School, Bhalayadanda | Udayapur | Diploma in Agriculture (Animal Science)<br>Diploma in Agriculture (Plant Science) | 40<br>40 |

**कोशी प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका निजी शिक्षालयहरु :**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | जिल्ला | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| 1. | Dhankuta Institute of Health Science | Dhankuta | General Medicine | 40 |
| 2. | Millenium Technical Institute | Dhankuta | Medical Laboratory Technology | 30 |
| 3. | Ilam Technical Institute | Ilam | General Medicine<br>Medical Laboratory Technology | 40<br>30 |
| 4. | Sunrise Engineering College | Ilam | Diploma in Civil Engineering<br>Diploma in Forestry | 48<br>40 |
| 5. | AMDA Institute of Health Science, Damak | Jhapa | Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Nursing<br>Diploma in Physiotherapy | 30<br>40<br>30<br>40<br>40 |
| 6. | Damak Institute of Technology, Damak | Jhapa | Medical Laboratory Technology | 30 |
| 7. | Damak Technical Education Foundation, Damak | Jhapa | Medical Laboratory Technology | 30 |
| 8. | Kanchanjunga Institute of Health Science, Birtamod | Jhapa | Diagnostic Radiography<br>Medical Laboratory Technology | 30<br>30 |
| 9. | Lifeline Hospital, Damak | Jhapa | Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Nursing<br>Ophthalmic Science<br>Pharmacy | 30<br>40<br>30<br>40<br>40<br>40 |
| 10. | Mansarowar Institute of Science and Technology, Damak | Jhapa | Diploma in Architecture Engineering<br>Diploma in Civil Engineering<br>Diploma in Electrical Engineering<br>General Medicine<br>Ophthalmic Science<br>Pharmacy | 48<br>48<br>48<br>40<br>40<br>40 |
| 11. | Mechi Technical Training Academy, Birtamod | Jhapa | General Medicine<br>Diploma in Physiotherapy | 40<br>40 |
| 12. | Om Sai Pathibhara Nursing College, Bhadrapur | Jhapa | General Medicine<br>Nursing<br>Pharmacy | 40<br>40<br>40 |
| 13. | Pathivara Center for Advanced Studies, Arjundhara | Jhapa | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering<br>Diploma in Electrical Engineering | 48<br>48<br>48 |
| 14. | Purwanchal Health Co-Operative, Birtamod | Jhapa | General Medicine<br>Nursing<br>Pharmacy | 40<br>40<br>40 |

| | | | | |
|---|---|---|---|---|
| 15. | Ramprasad Lakshendra Technical Institute, Bhadrapur | Jhapa | Medical Laboratory Technology | 30 |
| 16. | Siddhakali Technical Institute, Birtamod | Jhapa | Medical Laboratory Technology<br>Pharmacy | 30<br>40 |
| 17. | Birat Health College, Biratnagar | Morang | Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Nursing<br>Pharmacy | 30<br>40<br>30<br>40<br>40 |
| 18. | Biratnagar Model College, Biratnagar | Morang | Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 30<br>40<br>30<br>40 |
| 19. | Eastern College of Engineering, Biratnagar | Morang | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering<br>Diploma in Electrical Engineering<br>Diploma in Geomatics Engineering | 48<br>48<br>48<br>48 |
| 20. | Golden Hospital, Biratnagar, Morang | Morang | General Medicine<br>Nursing<br>Pharmacy | 40<br>40<br>40 |
| 21. | Golden Multi Technical College, Biratnagar | Morang | General Medicine | 40 |
| 22. | Golden Park College, Biratnagar | Morang | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering<br>Diagnostic Radiography<br>Diploma in Electrical & Electronics Engineering<br>General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 48<br>48<br>30<br>48<br>40<br>30<br>40 |
| 23. | Koshi Health Institute, Biratnagar | Morang | General Medicine<br>Medical Laboratory Technology<br>Nursing<br>Pharmacy<br>Diploma in Physiotherapy | 40<br>30<br>40<br>40<br>40 |
| 24. | Life Guard Hospital, Biratnagar | Morang | Nursing | 40 |
| 25. | National Institute of Technology, Biratnagar | Morang | General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 40<br>30<br>40 |
| 26. | Navjeevan Health Home | Morang | Pharmacy<br>Diploma in Physiotherapy | 40<br>40 |
| 27. | Neuro Cardio & Multispeciality Hospital, Biratnagar | Morang | General Medicine<br>Nursing | 40<br>40 |
| 28. | Sagarmatha Technical Institute, Biratnagar | Morang | Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 30<br>40<br>30<br>40 |
| 29. | Makalu Technical Institute, Khandbari | Sankhuwasabha | General Medicine<br>Medical Laboratory Technology | 40<br>30 |
| 30. | Ambika Health Training School, Itahari | Sunsari | General Medicine<br>Medical Laboratory Technology | 40<br>30 |
| 31. | Bagalamukhi Multiple Technical Institute, | Sunsari | General Medicine | 40 |

| | | | | |
|---|---|---|---|---|
| | Itahari | | | |
| 32. | Bijayapur Technical Institute, Dharan, Sunsari | Sunsari | General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 40<br>30<br>40 |
| 33. | Dhankuta Technical Institute, Itahari | Sunsari | General Medicine<br>Medical Laboratory Technology | 40<br>30 |
| 34. | National Academy of Applied Science and Technology | Sunsari | Diploma in Food & Dairy Technology | 40 |
| 35. | Purwanchal Science and Technology College, Itahari | Sunsari | Medical Laboratory Technology | 30 |
| 36. | Sunsari Technical College, Dharan | Sunsari | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering<br>Diagnostic Radiography<br>General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy | 48<br>48<br>30<br>40<br>30<br>40 |
| 37. | Sushma Koirala Memorial Engineering College, Itahari | Sunsari | Diploma in Civil Engineering<br>Diploma in Computer Engineering | 48<br>48 |
| 38. | Trishakti Technical Institute, Itahari | Sunsari | Medical Laboratory Technology | 30 |
| 39. | Triveni Technical Academy, Itahari | Sunsari | Diploma in Medical Laboratory Technology | 30 |
| 40. | Modern Institute of Health Science, Gaighat | Udayapur | General Medicine<br>Medical Laboratory Technology<br>Pharmacy<br>Diploma in Physiotherapy | 40<br>30<br>40<br>40 |
| 41. | Triyuga National Education Academy, Triyuga | Udayapur | Diploma in General Ayurved Medicine<br>Medical Laboratory Technology | 40<br>30 |

**मधेश प्रदेशका डिप्लोमा तथा प्रमाणपत्र तहका आंगिक शिक्षालयहरु :**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | जिल्ला | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| 1 | B.P. Memorial Polytechnic Institute, Sapahi | Dhanusha | Diploma in Agriculture (Animal Science)<br>Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering<br>Diploma in Electrical Engineering | 40<br>40<br>48<br>48 |
| 2 | Balra Polytechnic Institute, Balra | Sarlahi | Diploma in Civil Engineering | 48 |
| 3 | Gaur Polytechnic Institute, Gaur | Rautahat | Diploma in Midwifery<br>Nursing<br>Pharmacy | 40<br>40<br>40 |
| 4 | Jay Kisan Polytechnic Institute, Dharahari | Rautahat | Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering<br>Diploma in Information Technology | 40<br>48<br>48 |
| 5 | Lahan Technical School, Lahan | Siraha | Diploma in Agriculture (Animal Science)<br>Diploma in Agriculture (Plant Science)<br>Diploma in Civil Engineering<br>Diploma in Mechanical Engineering | 40<br>40<br>48<br>48 |
| 6 | Nirmal Lama Polytechnic Institute | Mahottari | Diploma in Architecture Engineering<br>Diploma in Civil Engineering<br>Diagnostic Radiography<br>Diploma in Electrical Engineering<br>Diploma in Food & Dairy Technology | 48<br>48<br>30<br>48<br>40 |

१६.बिद्यार्थीसंग कुनै पनि आर्थिक कारोवार गर्दा शिक्षण संस्थाले अनिवार्य रुपमा बैंक मार्फत गर्नु गराउनु पर्नेछ । परिषद्ले आवश्यक ठानेमा बैंक कारोबार माग गर्न सक्नेछ, माग भएको सो बैंकिग कारोवारको कागजात पेश गर्नुपर्ने शिक्षण संस्थाको दायित्व हुनेछ ।

१७. शैक्षिक शत्र २०८३/०८४ मा पहिलो पटक परिषद्बाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्ने शिक्षालयले ITMS मा अनलाईन आवेदन फाराम रुजु गरी Accept र Reject गर्नका लागि कार्यालयको आधिकारीक पत्र info@ctevtexam.org.np मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ । उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल अनिवार्य उल्लेख गरी यथाशिघ्र पठाउनु पर्नेछ र सो समयमा आफ्नो Username र Password नलिई आवेदकहरुको अनलाइन आवेदन फाराम ITMS online मा Verify नभएमा शिक्षालय स्वयं जिम्मेवार हुनेछ ।

**१८. भर्ना तथा रजिष्ट्रेशन सम्वन्धी व्यवस्था :**

(क) योग्यताक्रम सूचीमा रही भर्नाको लागि सिफारिश भएका आवेदकहरुलाई भर्ना गर्दाका बखत पाठ्यक्रमले तोके बमोजिम सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरुमा उपस्थित हुने स्व-घोषणा गराएर मात्र भर्ना गर्नुपर्नेछ ।

(ख) भर्ना गर्दा नै रजिष्ट्रेशन फाराम समेत भराई ITMS मा Online Entry गर्नुपर्नेछ । रजिष्ट्रेशनको प्रक्रिया गर्दा परीक्षा सम्वन्धी विनियमावली, २०८३ बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(ग) भर्ना सिफारिश भएका उम्मेदवारहरुलाई भर्ना गर्दा निजको सक्कल Online Application Acceptance Card, फोटो, नागरिकता/जन्मदर्ताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नतिजा सिट, स्व-घोषणा लगायतका कागजातहरु रुजु गरेर मात्र भर्ना तथा रजिष्ट्रेशन प्रक्रिया गर्नुपर्नेछ ।

(घ) भर्ना गर्दा सिट रिक्त भएमा मार्ग दर्शन प्रक्रिया पुरा गरी भर्ना गर्नुपर्नेछ ।

(ङ) पूर्ण शुल्कीय कोटाहरुमा पूर्ण शुल्कीय तर्फको उत्तीर्ण सूचीमा परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति/विशेष छात्रवृत्तिको उत्तीर्ण सूचीको योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

(च) शिक्षालयहरुले भर्ना संगै पठनपाठन सुरु गर्न सक्नेछन ।

(छ) परीक्षार्थी भर्ना तथा रजिष्ट्रेशनको समयावधि २०८३ असार मसान्तसम्म मात्र कायम रहनेछ । रजिष्ट्रेशनको शुल्क एकमुष्ट रुपमा शिक्षालयहरुले मिति २०८३ साउन ०३ गते भित्रमा अनिवार्य रुपमा परिषद्को खातामा Online बाट वा सम्वन्धित प्रदेश कार्यालयको खातामा जम्मा गरी रजिष्ट्रेशन फाइल मिति २०८३।०४।०७ गते भित्रमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

(ज) प्रशिक्षार्थीको रजिष्ट्रेशन कायम भैसकेपछि कार्यक्रम परिवर्तन गर्न पाइने छैन ।

(झ) डिप्लोमा तथा प्रमाणपत्र तहको कार्यक्रममा अनलाइन फाराम भरेका आवेदकले अन्य कार्यक्रम वा शिक्षालयमा कोटा खाली भएमा भर्ना भई अध्ययन गर्न सक्नेछन ।

(ञ) प्रवेश योग्यता पुगेका आवेदकले आफूले अध्ययन गर्न चाहेको जुनसुकै संकायको कुनै एक शिक्षालय र कार्यक्रमको प्रवेश प्रक्रियामा सहभागी हुन अनलाइन आवेदन फाराम भर्नुपर्नेछ । अर्को शिक्षालय वा कार्यक्रममा उत्तीर्ण सूचीका आवेदक योग्यताक्रमानुसार भर्ना भई सिट रिक्त भएमा वा उत्तीर्ण सूचीमा उम्मेद्धवार नभएमा निजहरु भर्ना हुन सक्नेछन ।

**(ट) स्वास्थ्य संकायका कार्यक्रम बाहेक अन्य संकायका कार्यक्रमको हकमा स्वीकृत कोटामा शिक्षालयले प्रशिक्षार्थीको अनलाइन आवेदन फाराम भरी भराई असार मसान्त भित्र भर्ना संगै रजिष्ट्रेसन प्रविष्ट गरिसक्नुपर्नेछ ।**

**नोटः**

१. सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, परीक्षा सम्वन्धी विनियमावली, २०८३ तथा परिषद् प.नि.का.द्वारा जारी गरिएका मार्गदर्शन/सूचना बमोजिम हुनेछ । अनलाइन आवेदन फाराम भर्ने परीक्षार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षालयहरुले परीक्षा सम्वन्धी विनियमावली, २०८३/मार्गदर्शन www.ctevtexam.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन अनुरोध गरिन्छ ।

२. भर्ना गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रहन सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ ।

३. अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षालय वा परिषद्का प्रदेश कार्यालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**